रम्भा गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०९।०४ गते | आ.व. २०८२/०८३ | जम्मा बैठक संख्याः ८३

बैठक क्र.सं ०८

---

आज मिति २०८२/०९/०४ गते रम्भा गाउँपालिकाका अध्यक्ष एवम् गाउँकार्यपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका निर्णय गरियो।

उपस्थिति

| सि नं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद भण्डारी | अध्यक्ष | | |
| २ | श्री राधा कुमारी श्रेष्ठ | उपाध्यक्ष | — | |
| ३ | श्री ईश्वरी काफ्ले | १ नं. वडा अध्यक्ष | | |
| ४ | श्री चेत बहादुर सुनारी | २ नं. वडा अध्यक्ष | | |
| ५ | श्री थमन बहादुर गाहा | ३ नं. वडा अध्यक्ष | | |
| ६ | श्री कृष्ण बहादुर रायमाझी | ४ नं. वडा अध्यक्ष | | |
| ७ | श्री खुमकान्त बस्याल | ५ नं. वडा अध्यक्ष | | |
| ८ | श्री हिमा कुमारी सिंजाली | सदस्य | | |
| ९ | श्री सरस्वति वि.क. | सदस्य | | |
| १० | श्री विमला जि.आर. | सदस्य | | |
| ११ | श्री नानु कुमारी गन्धर्व | सदस्य | | |
| १२ | श्री भोज बहादुर वि.क. | सदस्य | | |
| १३ | श्री नेत्र बहादुर वि.क. | सदस्य | | |
| १४ | श्री पोष्टराज न्यौपाने | नि.प्र.प्र.अ | | |
| १५ | श्री रविन्द्र गौतम | कम्प्युटर अपरेटर | | |
| १६ | | | | |
| १७ | | | | |

बैठक नं. ८

(बैठक संख्या ८३)

**निर्णयहरु:**

१. **गत बैठकको जानकारी तथा प्राप्त पत्रहरुको जानकारी सम्बन्धमा:** अघिल्लो गाउँकार्यपालिकाको बैठकका निर्णयहरुको सम्बन्धमा छलफल भई विभिन्न कार्यालयबाट प्राप्त पत्रहरुको जानकारी तथा मिति २०८२/०८/२६ गते देखी २०८२/०९/०१ गतेसम्म संचालन गरिएको एकीकृत घुम्ती शिविरको समेत समिक्षा गरियो।

२. **योजना कार्यान्वयनको प्रगती समिक्षा:** चालु आ.व २०८२/८३ मा गाउँपालिका तथा अन्तर्गतका वडाहरुबाट स्वीकृत योजनाहरुको हालसम्मको कार्य प्रगती तथा कार्यान्वयनको अवस्था बारे समिक्षा गरिनुका साथै समयमै यजोना सम्पन्न गर्ने समेत प्रतिबद्धता गरियो।

३. **कार्यविधी स्वीकृत गर्ने सम्बन्धमा:** तपसिल बमोजिमका कार्यविधीहरु परितका लागि कार्यपालिकामा सिफारिस गरिएको हुँदा उक्त कार्यविधीहरु सर्वसम्वत पारित गरी कार्यान्यवन गर्ने निर्णय गरियो।

**तपसिल**

क) वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रम संचालन कार्यविधि, २०८२
ख) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च मापदण्ड, २०८२

४. **कर्मचारी पदपूर्ती सम्बन्धमा: "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेड्पा)"** कार्यान्वयनका लागि चालु आ.व २०८२/८३ मा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अन्तर्गत सेवा करारमा रहने गरी उद्यम विकास सहजकर्ता संख्या (०१) को लागि सेवा करारमा कर्माचारी पदपूर्ती सम्बन्धी सूचना आव्हान गर्ने निर्णय गरियो।

५. **औद्योगिक ग्राम संचालक तथा निर्देशन समिति गठन सम्बन्धमा:** यस रम्भा गाउँपालिकामा निर्मित औधोगिक ग्राम संचलान तथा व्यवस्थापनका लागि तपसिल बमोजिमका संचलाक तथा निर्देशन समिति गठन गर्ने निर्णय गरियो।

**निर्देशन समिति:**

| | |
|---|---|
| क) अध्यक्ष | - गाउँपालिका अध्यक्ष |
| ख) सदस्य | - सम्बन्धित वडाको वडा अध्यक्ष |
| ग) सदस्य सचिव | - प्रमुख प्रशासकीय अधिकृत |

**संचालक समिति**

| | |
|---|---|
| क) संयोजक | - प्रमुख प्रशासकीय अधिकृत |
| ख) सदस्य | - आर्थिक प्रशासन शाखा प्रमुख |
| ग) सदस्य | - पूर्वाधार विकास शाखा प्रमुख |
| घ) सदस्य | - सम्बन्धित वडाको वडा सचिव |
| ङ) सदस्य सचिव | - उद्यम विकास शाखा प्रमुख |

CamScanner